# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## रास्कोट नगरपालिका

## कालिकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## रास्कोट नगरपालिका

## कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## रास्कोट नगरपालिका

## कालिकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ८० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
रास्कोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले रास्कोट नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ७९ लाख ६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१० लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ५४ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८ लाख १४ हजार र पेश्की रू.५ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु.९ करोड २० लाख ९८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(........................)

नायब महालेखापरीक्षक

रास्कोट नगरपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ४० | ४७९०७ | ० | ० | ० | ४० | ४० | ४७९०७ | १०९७ | १०८१४ | ३५४९६ | ० | ० | ४६३१० | ५०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रास्कोट नगरपालिका कालिकोट | ९२०९८ | ० | ० | ९२०९८ | ० | ४७९०७ | १४०००४ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : रास्कोट नगरपालिका, कालिकोट , रास्कोट नगरपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जवन सिहं बम | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वीर बहादुर रावत | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,९०७,०३९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,५५,४८,८९० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,०७,८३,९३१ | **चालु खर्च** | ३९,१८,३२,२२१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,४१,६२,८१९ | **पूँजीगत खर्च** | ३२,३८,३६,९२५ |
| **राजश्व बाँडफाँट** | ५,५०,५६,०२७.३ | **वित्तीय/अन्य व्यवस्था** | ७,४४,४५,५८७.३ |
| **आन्तरिक आय** | १४,२१,६५३ | | |
| **अन्य आय** | २३,९३,५८,६७३ | | |
| **कुल आय** | ७७,०७,८३,१०३.३ | **कुल खर्च** | ७९,०१,१४,७३३.३ |
| **बाँकी मौज्दात** | | ६२,१७,२६० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५८ सभा सदस्य, ५९.७२ वर्ग किलोमिटर क्षेत्रफल तथा १६ हजार २७२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि**<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(NAMS) बाट लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **स्थानिय सञ्चित कोष**<br><br>**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।<br><br>आय \| व्याय | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td></tr>
<tr><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>३०६६८६९५</td><td></td></tr>
<tr><td>बैंक</td><td>२५५४८८९०</td><td>२५५४८८९०</td><td>चालु</td><td>१००७४०९३</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>०</td><td>पुजिगत</td><td>२०५९४६०२</td><td></td><td></td></tr>
<tr><td>नगद</td><td></td><td>०</td><td>नगद</td><td></td><td></td><td></td></tr>
<tr><td>राजश्व आन्तरिक आय</td><td></td><td>०</td><td>राजश्व आन्तरिक आय</td><td></td><td></td><td></td></tr>
<tr><td>आन्तरिक राजश्व</td><td>१४२१६५३</td><td>१४२१६५३</td><td>आन्तरिक राजश्व</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>राजश्व बाडफाड</td><td>५५०५६०२७।३</td><td>५५०५६०२७।३</td><td>राजश्व बाडफाड</td><td>५५२१६३३१</td><td>५५२१६३३१</td><td></td></tr>
<tr><td>अन्य आय</td><td>०</td><td>०</td><td>अन्य आय</td><td></td><td></td><td></td></tr>
<tr><td>वित्तिय हस्तान्तरण संघ</td><td></td><td>०</td><td>वित्तिय हस्तान्तरण संघ</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वित्तिय समानिकरण अनुदान</td><td>१०५८०००००</td><td>१०५८०००००</td><td>वित्तिय समानिकरण अनुदान</td><td></td><td>९७२९८५२३</td><td></td></tr>
<tr><td></td><td></td><td>०</td><td>चालु खर्च</td><td>४७५८७७४२</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>०</td><td>पुजिगत खर्च</td><td>४९७१०७८१</td><td></td><td></td></tr>
<tr><td>शर्सत अनुदान</td><td>२८४९४५०००</td><td>२८४९४५०००</td><td>शर्सत अनुदान</td><td></td><td>२७२०९७१२८</td><td></td></tr>
<tr><td></td><td></td><td>०</td><td>चालु</td><td>१५९९५०२३६</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>०</td><td>पुजिगत</td><td>११२१४६८९२</td><td></td><td></td></tr>
<tr><td>विशेष अनुदान</td><td>२७११४९३१</td><td>२७११४९३१</td><td>विशेष अनुदान</td><td>२७११४९३१</td><td>२७११४९३१</td><td></td></tr>
<tr><td>समपुरक अनुदान</td><td>२९२४०००</td><td>२९२४०००</td><td>समपुरक अनुदान</td><td>२९२४०००</td><td>२९२४०००</td><td></td></tr>
<tr><td>प्रदेश सरकारबाट प्राप्त अनुदान</td><td></td><td>०</td><td>प्रदेश सरकारबाट प्राप्त अनुदान</td><td></td><td></td><td></td></tr>
<tr><td>समानिकरण अनुदान</td><td>११३८९०००</td><td>११३८९०००</td><td>समानिकरण अनुदान</td><td>९७८०८६०</td><td>९७८०८६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विशेष अनुदान | ३९९६००० | ३९९६००० | विशेष अनुदान | ३९२६२४१ | ३९२६२४१ | |
| | | | समपुरक अनुदान | ५५७९८७१ | ५५७९८७१ | समपुरक अनुदान | ५५७९८७१ | ५५७९८७१ | |
| | | | सर्सत अनुदान | ३३१९७९४८ | ३३१९७९४८ | सर्सत अनुदान | | ३३१४७४०७ | |
| | | | | | ० | चालु | ३५९८००० | | |
| | | | | | ० | पुजिगत | २९५४९४०७ | | |
| | | | युनिसेफ कार्यक्रम | २०२८८४३२ | २०२८८४३२ | युनिसेफ कार्यक्रम | | २०२७८५०९ | |
| | | | | | ० | चालु | ८४८९६७० | | |
| | | | | | ० | पुजिगत | ११७८८८३९ | | |
| | | | सामाजिक सुरक्षा तथा संरक्षण | ९६६९०१३३ | ९६६९०१३३ | सामाजिक सुरक्षा तथा संरक्षण | ९६६९०१३३ | ९६६९०१३३ | |
| | | | स्थानिय तह प्रशासकिय भवन पुर्वाधार | ९९६५६७८ | ९९६५६७८ | स्थानिय तह प्रशासकिय भवन पुर्वाधार | ९९६५६७८ | ९९६५६७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विकास कार्यक्रम | | | विकास कार्यक्रम | | | |
| एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ३१४१९७९४ | ३१४१९७९४ | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ३१४१९७९४ | ३१४१९७९४ | |
| पुर्वाधार विशेष कार्यक्रम | ८३३५७२९ | ८३३५७२९ | पुर्वाधार विशेष कार्यक्रम | ८३३५७२९ | ८३३५७२९ | |
| सामाजिक विकास मन्त्रालय | ९९९३०० | ९९९३०० | सामाजिक विकास मन्त्रालय | ९९९३०० | ९९९३०० | |
| मुख्यमन्त्रि रोजगार, उद्यमशिल तथा आय आर्जन कार्यक्रम | ५९७७६२८९ | ५९७७६२८९ | मुख्यमन्त्रि रोजगार, उद्यमशिल तथा आय आर्जन कार्यक्रम | ५९७७६२८९ | ५९७७६२८९ | |
| विविध कोष खाता | १४३८६६९ | १४३८६६९ | विविध कोष खाता | १३२९३५२ | १३२९३५२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धरौटी | ८४४४६४९ | ८४४४६४९ | धरौटी | २७४३३११ | २७४३३११ | |
| प्रकोप व्यवस्थापन कोष | २०००००० | २०००००० | प्रकोप व्यवस्थापन कोष | १५९३३९५ | १५९३३९५ | |
| | | | फिर्ता | | १२९६८१७२ | |
| | | | अ ल्या | | ६२६१०८४।३१ | |
| | | | यूनिसेफ | | २९५८९८५ | |
| | | | संघ समानिकरण अनुदान | | १६९३९५९ | |
| | | | प्रदेश समानीकरण अनुदान | | १६०८१४० | |
| | | | धरौटी मौज्दात | | ५७०१३३८ | |
| | | | प्रकोप व्यवस्थापन कोष मौज्दात | | ४०६६०५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td></td><td>विविध कोष खाता</td><td></td><td>१०९३१७</td><td></td></tr>
<tr><td>कुल जम्मा</td><td>७९६३३१९९३।३१</td><td>७९६३३१९९३।३१</td><td>कुल जम्मा</td><td>७७०८८५४७७</td><td>७९६३३१९९३।३१</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणका क्रममाः असुली<br><br>सामाजिक सुरक्षा कर, अग्रिम कर, बहाल कर, मूल्य अभिवृद्धि कर लगायत शिर्षकमा रु.१३२७८१०२।०० र संघिय तथा प्रदेशको सर्शततर्फ रु.१२९६८१७२।०० सम्बन्धित सञ्चित कोषमा फिर्ता समेत रु.२६२४६२७४।०० मिति २०७९।५।१५ मा सम्बन्धित कोषमा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तिय विवरणमा निम्न अनुसार देखिएको छ .<ul><li>स्थानिय तहले sutra को प्रयोग गरी आर्थिक कारोबारको लेखाङ्कन गर्नुपर्दछ । पालिकाले २०७९।३।२५ पछिका सम्पूर्ण आर्थिक कारोबार म्यानुअली बैङ्क नगदीमा प्रविष्ट गरी रु.८७५१७८१२।०० खर्च गरेको छ</li><li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li></ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १३७९९३४७७ ले फरक देखिएको छ। वैक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।<br>• स्थानीय तहमा प्राप्त हुने पूर्वाधार विकास साझेदारी, प्रदेश पूर्वाधार विकास कार्यक्रम, सामाजिक सुरक्षा तथा संरक्षण तथा मुख्यमन्त्रि रोजगार कार्यक्रम लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्दछ । यस पालिकाले पेश गरेको सुत्रबाट लिएको वित्तिय प्रतिवेदनमा उपरोक्त कार्यक्रम समाबेश भएका छैनन् । यसै प्रतिबेदनमा समाबेश गरिएको कार्यालयबाट प्राप्त एकिकृत वित्तिय विवरणमा समाबेश गरी प्रस्तुत गरिएको छ । सुत्र(SuTRA) बाट तयार हुने वित्तीय विवरण म.ले.प.फा.न.२७२ मा अन्तर सरकारी हस्तातरणबाट प्राप्त हुने निकासा तथा खर्च समेत समावेश गर्नुपर्दछ ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.२ | | | प्रकोप व्वस्थापन कोषको अन्तिम मौज्दात एकीकृत आर्थिक विवरण अनुसार रु ४०६६०५ देखाएकोमा म ले प फा नं २७२ को अनुसुची १५ मा वर्षान्तमा रु ७१९४३३ मौज्दात देखिन्छ । फरक रु ३१२८२८।०० शुत्रमा प्रविष्ट गरी प्रकोप व्यवस्थापन कोषको मौज्दात हिसाब मिलान गर्नुपर्दछ । | |
| ५.३ | | | धरौटीको एकीकृत आर्थिक विवरणमा रु५७०१३३८ मौज्दात देखाएकोमा म ले प फा नं २७२ को अनुसुची १५ मा रु १३२२९१० मौज्दात देखाएको छ । रु ४३७८४२८ शुत्रमा प्रविष्ट गरी धरौटी मौज्दातको हिसाब मिलान गर्नुपर्दछ । | |
| ५.४ | | | विविध कोष खताको अन्तिम मौज्दात एकीकृत आर्थिक विवरण अनुसार रु १०९३१७ देखाएकोमा म ले प फा नं २७२ को अनुसुची १५ मा वर्षान्तमा रु १३२८१९ मौज्दात देखिन्छ । फरक रु २३५०२ शुत्रमा प्रविष्ट गरी प्रकोप व्यवस्थापन कोषको मौज्दात हिसाब मिलान गर्नुपर्दछ । | |
| ६ | | | **क्षेत्रगत बजेट** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१७६५२</td><td>१६४५३</td><td>९३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>४०३७०८</td><td>३५९६३८</td><td>८९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१०८९०४</td><td>८४९५९</td><td>७८</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>१५५५०</td><td>१३०५६</td><td>८४</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२३५२</td><td>२२१७</td><td>९४</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०९६००</td><td>८०७२८</td><td>७४</td></tr>
<tr><td></td><td></td><td>६५१३०७</td><td>५५७०५१</td><td>८६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७.२ | | | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण गर्ने लेखापरीक्षण शाखा रहेपनि पदपुर्तिको अभावले पालिकाको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>वजेट व्यवस्थापनतर्फ<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे गरेको,<br>• प्रतिवेदन प्रतिवेदन पास नगरी तलब प्रदान गरेको<br>भ्रमण खर्च व्यवस्थापनतर्फ<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आशिंक रुपमा लिने गरेको<br>खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरे नगरेको,<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको<br>शिक्षातर्फ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको।<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,<br>विविध तर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मिमसरा बमले मिति २०७८।०३।३१ गते रु. ५६ करोड ८२ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १० | | | **योजना छनौट र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्. | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु.१ लाख सम्म</td><td>रु.१ -२ लाखसम्म</td><td>रु.२-५ लाख सम्मका</td><td>रु.५ -१० लाख सम्मका</td><td>रु.१०-५० लाख सम्म</td><td>५० लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>५</td><td>१०</td><td>३०</td><td>१०</td><td>७०</td><td>८</td><td>१३३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५० हजार देखि २ करोड ५० लाख सम्मका जम्मा १३३ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ४५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा पालिकाले स्थानिय संञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघिय अर्थ मन्त्रालयमा, प्रदेश अर्थ मन्त्रालयमा तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ
<table>
<tr><th rowspan="2">क्र. स.</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th></th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>२९४६९५</td><td>५८९५०</td><td>८९७७४</td><td>१४५९७१</td><td></td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>२६२३५६</td><td>१९८३</td><td>४२५२५</td><td>२१७८४८</td><td></td></tr>
<tr><td>३</td><td>जम्मा</td><td>५५७०५१</td><td>६०९३३</td><td>१३२२९९</td><td>३६३८१९</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१०.९३</td><td>२३.७४</td><td>६५.३१</td><td></td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुंजीगत बार्षिक रु.२६ करोड २३ लाख ५६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा १९ लाख ८३ हजार अर्थात ०।७५ प्रतिशत, दोश्रो चौमासिकमा रु.४ करोड २५ लाख २५ हजार अर्थात १६.२० प्रतिशत र तेश्रो चौमासिकमा रु.२१ करोड ७८ लाख ४८ हजार अर्थात ८३.०३ प्रतिशत खर्च गरेको देखिएको छ ।यसरी तेस्रो चौमासिकमा र आषाढमा आएर पूँजीगत खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
स्थानिय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेकोमा लेखापरीक्षण ३३ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६ | | | **वडा सचिवको पदपूर्ति**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ९ ; वडा सचिवको दरबन्दी: ९ ; वडा सचिवको पदपूर्ति: ० ; रिक्त संख्या: ९ | |
| १७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७५ जना कर्मचारीहरु करारमा राखि रु.१५९०४००० खर्च लेखेको छ । | |
| १८ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ९ | ९ | ० | ९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सक्ने व्यवस्था अनुसार ८ वटा ऐन, २ वटा नियमावली र ८ कार्यविधि ३ निर्देशिका १ नर्म्स लगायत २२ वटा कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन् । | |
| १९ | | | **खाना तथा विविध खर्च** | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २ | २ |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ९९९ | ९९९ |
| मृत्युदर्ता | १५५ | १५५ |
| बसाईसराई दर्ता | ४० | ४० |
| विवाह दर्ता | १२५ | १२५ |
| सम्बन्धविच्छेद दर्ता | ५ | ५ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | ६०० | ६०० |
| कालोपत्रे सडक मर्मत | २४ | २४ |
| ग्राभेल सडक निर्माण | १२५ | १२५ |
| ग्राभेल सडक मर्मत | ५ | ४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४५ लाख ५३ हजार खर्च गरेको छ । | |
| २० | | | **कानुन र संचालन स्थति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २ वटा नियमावली, ८ कार्यविधि लगायत २२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कतिवय विषयमा कानून तथा कार्यविधि निमार्ण गर्न बाँकी देखिएकोले अविलम्ब निमार्ण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २१ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष ४० विवाद दर्ता भएकोमा ३७ वटा फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २२ | | | **आर्थिक सहायता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहयता,चन्दा,पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले यस वर्ष १ लाख ९० हजार आर्थिक सहायता वितरण गरेका छन । आर्थकि सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २३ | | | **नगद अनुदान**<br><br>कोभिड १९को महामारी प्रभावीत महामारीबाट अतिविपन्न परिवार नगद हस्तातरण कार्यविधि २०७८ अनुसार कोभिड १९ को प्रभावबाट रोजगारी गुमाएका अति विपन्न परिवारलाई नगद राहत उपलब्ध गराउन यो कार्यविधि आएको छ । कार्यविधिको दफा ३ अनुसार रोजगारी अवशर गुमाएको मजदुर विपन्न व्यवसायी दैनिक ज्यालादारी कामदारले उक्त सुविधा प्राप्त गर्ने उल्लेख छ । दफा ३ अनुसारको परिवारको सदस्यले सुविधा प्राप्तीको लागि अनुसूची २ वमोजिमको ढाँचामा आफु वसोवास गरेको वडा कार्यलयमा निवेदन दिनुपर्ने, निबेदन दिदा न्युनत्तम ज्यालादरका आधारमा हुने कार्यदिन बराबर सार्वजनिक निमार्णमा स्वयंम सेवकको रुपमा काम गर्ने प्रतिवद्धता पेश गर्नुपर्ने व्यवस्था छ । रास्कोट नगरपालिकाले वडा कार्यालयहरुले वडावासीहरु मध्ये छनोट कोभिड १९ को एन्टिजिन टेस्टबाट पोजेटिभ देखिएको प्रमाण र नागरिकताको फोटोकपी संलग्न सिफारिश पठाएकोमा सोही सिफारिसका आधारमा कार्यपालिकाको २०७९ असार २१ गतेको निर्णयबाट ९ वटा वडाका ४९० जनालाई १० हजारका दरले रु.४९००००० नगद अनुदान दिएको छ । कार्यविधिको मापदण्ड र प्रक्रिया वमोजिम तोकिएको लक्षित समुह पहिचान नगरी एन्टिजिन टेष्टका आधारमा कोभिड पोजेटिभ देखिएको व्यक्ति छनोट गरी अनुदान प्रदान गरीएको सम्बन्धमा वास्तविक लाभग्राहीले अनुदान प्राप्त गरेको यकिन गर्न सकिएन । | |
| २४ | | | **विपद् व्यवस्थापन कोष** | |
| २४.१ | २ | २०७८-९-२९ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गर्ने व्यवस्था छ ।पालिकाले प्रकोप व्यवस्थापन कोषबाट क्वारेन्टन व्यवस्थापन र संचालन वापत्त रु.३९८०५० खर्च लेखेकोमा उक्त क्वारेन्टाइन कति अवधि संचालनमा रहेको कति व्यक्तिहरु क्वारेन्टानमा वसेको सख्याँ र अवधि खुल्ने विवरण विना फर्मले जारी गरेको वीलका आधारमा मात्र खर्च लेखेको नियम सम्मत नदेखिए रु........................ | ३९८,०५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२४.२</td><td>३</td><td>२०७८-११-१</td><td>कालापानी फ्लासे टाउन संरक्षण गर्न भनी हरि प्रसाद फर्सालललाई साउन १ देखि असोज १५ सम्मको प्रति दिन रु.५०० का दरले रु.३९००० भुक्तानी दिएको देखिन्छ । प्रकोप व्यवस्थापन सँग सम्बन्धित कार्यमा खर्च गर्नुपर्ने कोषबाट चालु प्रकृतिको तलब भत्तामा खर्च गरेको देखिएकोले नियम सम्मत नभएको रु.........</td><td>३९,०००</td></tr>
<tr><td>२४.३</td><td>५</td><td>२०७९-१-२५</td><td>विपद व्यवस्थापन कोषबाट ब्लाङकेट, त्रिपाल र पिभि फर्म खरिद गरी तपसिल वमोजिमका फर्मलाई रु.४३२४१२ भुक्तानी भएको छ ।खरिद समानको उपयोग तथा वितरण भए नभएको यकिन गर्ने सकिएन । उक्त खरिद समानको मौज्दात तथा वितरणको भरपाई पेश गर्नुपर्ने रु.......................
<table>
<tr><th>आपूर्तक</th><th>समानको विवरण</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>यमन टेड्र एण्ड सप्लार्यस सुर्खेत</td><td>ब्लाङकेट</td><td>४० थान</td><td>११३०००</td></tr>
<tr><td></td><td>त्रिपाल</td><td>४० थान</td><td>७७२९२</td></tr>
<tr><td></td><td>पिभि फर्म</td><td>२ रोल</td><td>१५८२०</td></tr>
<tr><td></td><td></td><td></td><td>२०६११२</td></tr>
<tr><td>एम आर एस अर्डर एण्ड निमार्ण सेवा सुर्खेत</td><td>त्रिपाल र ब्लाङकेट</td><td>२०० थान</td><td>२२६३००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४३२४१२</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
</table>
</td><td>४३२,४१२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२४.३.१</td><td>प्रमाण</td><td>४,३२,४१२</td></tr></table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>धरौटी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा प्रत्येक कार्यलय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा तोकिए वमोजीमको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी किताव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैक नगदी कितावको अभिलेख राखेको पाइएन । साथै पालिकाले रु.२९४२३८०।०० मध्ये मू.अ.कर समायोजन बिना रु.१३२४९९०।०० धरौटी फिर्ता गरेकोमा मू.अ.कर समयोजनको प्रमाण पेश गर्नुपर्ने रु.........
<table>
<tr><td>गो.भौ.नं</td><td>फर्मको नाम</td><td>धरौटी फिर्ता रु</td></tr>
<tr><td>१</td><td>प्रमिला निर्माण सेवा</td><td>१९००६९।</td></tr>
<tr><td>२</td><td>प्रमिला निर्माण सेवा</td><td>१५९८७९।</td></tr>
<tr><td>३</td><td>सत्य सेवा निर्माण सेवा</td><td>१६०५१९।</td></tr>
<tr><td>४</td><td>सिप्रदी ट्रेडिङ</td><td>१९८९५० ।</td></tr>
<tr><td>५</td><td>हिमाल कष्ट्रक्सन</td><td>१५७४०४ ।</td></tr>
<tr><td>६</td><td>मान शाही निर्माण सेवा</td><td>१५७००२ ।</td></tr>
<tr><td>७</td><td>सेफ स्टिल प्रा लि</td><td>८४९९४ ।</td></tr>
</table></td><td>१,३२४,९९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>८</td><td>हिमांशु निर्माण सेवा</td><td>१५९८१४ ।</td></tr><tr><td>९</td><td>भरत शाही</td><td>१८७०००</td></tr><tr><td colspan="3">जम्मा १३२४९९०</td></tr></table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सम्पति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS प्रयोगमा ल्याएता पनि गत विगत वर्षका लेखापरीक्षण अवधिसम्म यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।साथै कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।तसर्थ वार्षिकरुपमा कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सोको आधारमा लिलाम बिक्री गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने मालवस्तुको समेत एकीन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मर्मत अभिलेख राखेको छैन । जसले गर्दा मर्मत तथा इन्धनमा भएको खर्च विश्लेषण गर्ने सकिएन। पालिकाले प्रत्येक सवारी साधनको लगबुक तथा मर्मत अभिलेख राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td>२०७९-६-३</td><td>सवारी तथा यातायात व्यवस्था नियमावली,२०५४ को नियम ९ मा सवारी साधनको नामसारी सम्बन्धि व्यवस्था छ । पालिकाले देहायका मोटरसाईकलहरु खरिद गरेकोमा सेतो नम्बरको रुपमा पालिकाको नाममा नामसारी भएको देखिएन । नियमावलीमा व्यवस्था भए बमोजिम उक्त मोटरसाईकलहरु सेतो नम्बर प्लेटको रुपमा पालिकाको नाममा नामसारी गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>मोटरसाईकलको विवरण</th><th>अस्थायी सवारी साधन नम्बर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>Hero X -plus</td><td>प्र २-०३-०१७ प ६२३४</td><td>४०२०००।००</td></tr>
<tr><td>२</td><td>150 pulsar</td><td>लु ८१ प ४८४६</td><td>२८३०००।००</td></tr>
<tr><td>३</td><td>220 pulsar</td><td>लु ६९ प ७८६२ब</td><td>३७००००।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>१०५५०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>एक्साभेटर<br><br>पालिकामा रेहेको एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.३८९६१७६।०० तथा एक्साभेटर अपरेटर, एक्साभेटर सहायक अपरेटर र एक्साभेटर सुपरभाईजरमा रु.१०२३१५०।०० समेत रु.४९१९४२३।०० खर्च गरेको देखिन्छ । उक्त एक्साभेटर भाडामा लगाए वापत कार्यालयले के कति आम्दानी गरेको हो सोको अभिलेख राखेको देखिएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकत्तम प्रयोग गरी सो वापत प्राप्त आम्दानीको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**पारिश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सवै रकम आयमा समावेश गरी नियमानुसार छुटपाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ।यस कार्यालयका निम्नानुसारका कर्मचारीको परिश्रमिक कर गणना गर्दा छुट हुन गएको कर रु.१०८२६ असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रू......

<table>
<tr><td>पद र नाम</td><td>लाग्ने कर रकम</td><td>कट्टा गरेको रकम</td><td>छुट कर रकम</td></tr>
<tr><td>रोजगार संयोजक प्रशान्तराज शाही</td><td>२०६१८</td><td>१७८६८</td><td>२७५०</td></tr>
<tr><td>प्रा स धिरेन्द्र न्यौपाने</td><td>१०६९५</td><td>८११९</td><td>२५७६</td></tr>
<tr><td>ई नरेश शाही</td><td>२०६१८</td><td>१७८६८</td><td>२७५०</td></tr>
<tr><td>ई प्रमिला उपाध्यय</td><td>२०६१८</td><td>१७८६८</td><td>२७५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०८२६</td></tr>
</table>

</td><td>१०,८२६</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**स्थानिय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ ।उक्त ऐनमा नगरपालिका प्रमुखले गाडी सुविधा लिएको हकमा यातायात खर्च वापतको मासिक रु १२०००।०० उपलब्ध नगराईने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष निम्न पदाधिकारीलाई गाडीको सुविधा हुदाँ समेत यातायात खर्च वापत उपलब्ध गराईएको रकम सम्बन्धितबाट असुल गरी राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.........................

<table>
<tr><td>नाम तथा पद</td><td>भुक्तानी भएको अवधि</td><td>भुक्तानी रकम</td></tr>
</table>

</td><td>१२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>निवर्तमान नगर प्रमुख काशिचन्द्र बराल</td><td>१० महिना</td><td>१२००००।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२००००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td>४४</td><td>२०७९-३-२५</td><td>
राष्टपति शैक्षिक सुधार तथा नमुना विद्यालय<br><br>
शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउदा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयले २०७८।३।२० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फको रकम भौतिक पूर्वाधारको समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था गरी निकासा दिन परिपत्र गरेको आधारमा देहायका विद्यालयहरुलाई संघिय अनुदान (राष्ट्रपति शैक्षिक सुधार) कार्यक्रमबाट केन्द्रबाट छनौट भएका निम्न विद्यालयलाई भवन निर्माणका लागि सम्बन्धित विद्यालयको खातामा निकासा दिई खर्च लेखेको छ । निकासा भएको रकमको निर्माण तथा खरिद व्यवस्थापन सम्बन्धि कार्य विद्यालय मार्फत गराई स्रेस्ता समेत विद्यालयमै रहने तथा सोको अनुगमन तथा मूल्यांकनको जिम्मेवारी पालिकामा रहेकोले पालिकाले बाँकी काम यथासिघ्र सम्पन्न गराई विद्यालयललाई निकासा दिएको अनुदान रु१२३०००००।०० को कार्य सम्पन्न प्रतिवेदनको पेश गर्नुपर्ने रु....................
<table>
<tr><td>सि.नं</td><td>विद्यालयको नाम</td><td>राष्ट्रपति शैक्षिक सुधार अनुदान</td></tr>
<tr><td>१</td><td>अन्नपूर्ण मा वि सुनमुल</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>राइढुगाँ मा वि धम्कोट</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>मंगलादेवी आ वि बाखरकोट</td><td>१८०००००</td></tr>
</table>
</td><td>१२,३००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४</td><td>पच आ वि तोली</td><td>१८०००००</td></tr>
<tr><td>५</td><td>कालाशिल्ला मा वि गोर्खालीगाउँ</td><td>६५००००</td></tr>
<tr><td>६</td><td>सुन्दर आ वि रामपुर</td><td>२५०००००</td></tr>
<tr><td>७</td><td>कालिका आ वि लहरेला</td><td>६५००००</td></tr>
<tr><td>८</td><td>दूदेसिल्लो प्रावि सिमखेत</td><td>१८०००००</td></tr>
<tr><td>९</td><td>एकता प्रा वि राताखाल</td><td>६५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२३००००००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>३१.१</td><td>१२६</td><td>२०७९-३-२१</td><td>सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम बाट १ दिने शिक्षा तथा गुनासो सुनवाई कार्यक्रममा खाजा र चिया वापत्त रु.६४४० खर्च लेखेकोमा खाना वापत्त समेत ६४ सख्याँको ३०० का दरले रु.१९२०० खर्च लेखेको देखिन्छ । यसरी नम्स भन्दा वढी खर्च लेखेको असूल गर्नुपर्ने रु..............................</td><td>१९,२००</td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>२०७९ असार १४ मा प्रारम्भिक वालवालिकाको लागि एकीकृत योजना निमार्ण र अध्यावधिक तालिम संचालनमा सहभागी ३२ जनालाई सहभागी भत्ता रु.१६०००।०० खाजा रु.७१४० को अतिरिक्त खाना वापत्त ४२ जनाको ३०० का दरले रु.१२६००।०० समेत खर्च लेखेको देखिन्छ । यसरी नम्स भन्दा वढी खर्च लेखेको असूल गर्नुपर्ने रु...................</td><td>१२,६००</td></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>नमुना विद्यालय शिक्षा तथा मानव विकास केन्द्र सानोठीमि भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका ७८।७९ को बुदा ८.३ अनुसार नमुना विद्यालयहरुलाई अनुदानका लागी तोकिएबमिजमको रकम निकाशा पठाउदा हाल सम्मको प्रगति विवरण विद्यालयको गुरुयोजना बमोजिम यस आ व मा गरिने क्रियाकलापहरुको लागत अनुमान तयार गरी लागत अनुमानको आधार सम्झौता गरी ५० प्रतिशत र कार्य प्रगतिका आधारमा बाँकी दुई किस्तामा निकाशा दिने व्यवस्था रहेको छ। संघीय सरकारबाट</td><td>५,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नमुना विद्यालय अनुदान वापत्त रु. १ करोड निकासा भएकोमा पालिकाले आर्थिक बर्ष २०७८।७९ मा सम्झौताका आधारमा ५० प्रतिशत रु.५०००००० रकम निकाशा दिनु पर्नेमा श्री वडीमालिका माध्यमिक विद्यालयलाई शुरुमा रु.१६४०००० पेश्की दिएकोमा मिति २०७९।०३।२४ मा वाँकी सबै रकम विधालयको खातामा निकाशा दिईएको छ ।आर्थिक वर्षको अन्त्यमा मार्गदर्शनको व्यवस्था विपरीत विद्यालयलाई निकाशा दिईएकोले नियम सम्मत नदेखिएको रु.......................... | |
| ३१.४ | | | रास्कोट नगरपालिकाको १० वर्ष शिक्षा योजनाको लागि थप आवश्यक सुझाब संकलन कार्यशालामा सहभागी शिक्षक प्रह लगायत ४४ जनालाई सहभागी भत्ता रु. ४४००० खाजा रु.६६०० र खाना रु.१३२०० खर्च लेखेको देखिन्छ । यसरी खाजा खर्च मात्र लेख्न मिल्नेमा नम्स भन्दा वढी खर्च लेखेको असूल गर्नुपर्ने रु............. | १३,२०० |
| ३१.५ | १८२ | २०७९-३-२५ | कोभिड १९ का कारण प्रभावित विधार्थीको सिकाई निरन्तरताको लागि स्व अध्ययन सामाग्री खरिद गरी न्यु प्रभात स्टेशनरी लाई रु.७०० थान किताबको रु.२५० का दरले रु.१७५००० भुक्तानी गरेकोमा उक्त पाठ्यपुस्तकहरुको वितरण र उपयोग सम्बन्धमा यकिन गर्ने सकिएन । तसर्थ पाठ्यपुस्तक वितरण भएको भरपाई पेश गर्नुपर्ने रु........................ | १७५,००० |
| ३२ | | | **सेनेटरी प्याड**<br><br>स्थानीय तहले सामुदायिक विधालयको कक्षा ६ देखि १२ अध्ययनरत सबै छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ वमोजिम ६ देखि १२ सम्मका छात्राहरुको तथ्याङक यकिन, विधालय मार्फत विधार्थीलाई महिनावारीको समयमा तोकिएको मापदण्ड अनुसारको प्याड उपलब्ध गराउने, वार्षिक १० महिना अवधिको लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउने उल्लेख छ ।पालिकाले यस वर्ष सेनेटरी प्याड खरिदको लागि रु.२१५७००० वजेट निकासा गरेको छ । स्यानेटरी प्याड खरिद गरी विधालय मार्फत वितरण गर्नुपर्नेमा सोझै विधालयको खातामा निकासा दिएकोमा लक्षित समुहको लाभका लागि उक्त रकम खर्च भएको सुनिश्चित गर्ने नसकिएको रु.......................... | २,१५७,००० |
| ३३ | | | **अनुदान** | ८८०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयले वार्षिक कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस, निर्देशिका र प्रचलित खरिद नियमको पालना गर्नुपर्दछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को ७.१ को १ वमोजिम कृषि उत्पादन सामाग्री, पशु, नश्ल सुधारमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने उल्लेख छ ।यस पालिकाले यो वर्ष साना व्यवसयी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरर्गत वोयर वाखा खरिदमा ८५ प्रतिशत अनुदान उपलव्ध गराएको छ । कार्यालयले स्वीकृत नर्म्स भन्दा बढी अनुदान खर्च भुक्तानी दिएको रू.८८००००।०० असुल गरी दाखिला गर्नुपर्दछ रू......................
<table>
<tr><th>भौचर नम्बर।मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कुल लागत</th><th>अनुदान दिएको</th><th>५० प्रतिशतले हुने अनुदान</th><th>बढी अनुदान दिएको</th></tr>
<tr><td>१६१।०७९।३।२४</td><td>बुद्ध वाखापालन स्रोत केन्द्र</td><td>१८०००००</td><td>१५०००००</td><td>९०००००</td><td>६०००००</td></tr>
<tr><td>१६३।०७९।३।२४</td><td>वाखा पकेट संचालक समिति</td><td>८४००००</td><td>७०००००</td><td>४२००००</td><td>२८००००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>८८००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>पोषण तथा स्वास्थ्य<br><br>गो. भौ. ११० र मिति २०७९।०३।०७ पोषण सम्बेद्धनशील कार्यक्रमबाट लक्षित समुहलाई वितरण गर्ने भनी रु.२९९०००।००को २०८० प्याकेट सिमी, बोडी लगायतका वीउ खरिद गरेकोमा उक्त वीउहरु वितरण गरेको भरपाई संलग्न देखिएन । तर्सथ लक्षित समुहले प्राप्त गरेको यकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.........................</td><td>२९९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | १११ | २०७९-३-९ | **झोला**<br><br>वहुक्षेत्रीय पोषण कार्यक्रमको पेश्की फछ्र्योट वील भरपाई ९ वटा प्यान वील मार्फत ५० थान झोला किनेको भनी यमुना जनरल स्टोर रास्कोटलाई रु.१५००००।०० भुक्तानी दिएको देखिन्छ । कार्यक्रमको प्रकृति वमोजिम झोला वितरणको आवश्यकता पुष्टी हुने आधार तथा वितरणको विल भरपाई पेश गर्नुपर्ने अन्यथा जिम्मेवार व्यक्तीबाट असुल गर्नुपर्ने रु...................... | १५०,००० |
| ३६ | | | **मुख्यमन्त्रि रोजगार कार्यक्रम** | |
| ३६.१ | | | मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ अनुसार कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड १९ प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने युवालाई लक्षित गरी रोजगारी आयआर्जन तथा आधारभूत विकासका क्रियाकलाप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थान गर्ने मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ ।यस कार्यक्रम मार्फत नगरपालिकामा यस वर्ष ३४ वटा कार्यक्रम मार्फत रु.५ करोड ९६ लाख ७१ हजार खर्च गरिएको छ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन् । | |
| ३६.२ | | | कार्यविधिको दफा ५ मा अधिकत्तम रोजगारी सिर्जना हुने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने तथा स्थानीय समाग्री प्रयोग हुने अधिकत्तम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनोट गर्ने उल्लेख भएपनि अधिकांश कार्यक्रम पि.सि.सि. पैदल बाटो निमार्ण, पर्खाल निमार्ण, विद्यालय भवन निर्माण कार्यमा खर्च भएको छ । खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहुदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ । त्यसैगरी कार्यक्रम छनोटको लागि उपभोक्ता समितिले सोझै मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाइमा प्रस्ताव पेश गर्ने र उक्त प्रस्तावबहरु आयोजना व्यवस्थापन इकाइले संकलन गरी मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने निर्देशक समितिले छनोट तथा स्वीकृत गरी स्थानीय निकायबाट कार्यान्वयन हुने व्यवस्था गरीएको छ । छनोट प्रक्रियामा स्थानीय पालिका सँग समन्वय नहुँने, केन्द्रबाट छनोट हुने, सर्शत अनुदानको रुपमा स्थानीय तहलाई बजेट पठाउने, आर्थिक वर्षको अन्तमा मात्र बजेट निकासा हुने, उपभोत्ता समितिको पहुँच र प्रवाहका आधारमा छनोट हुनाले आयोजना कार्यान्वयनमा पालिकाको अपनत्व र प्रभावकारी भुमिका देखिएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । आयोजना छनोट देखि कार्यान्वयन सम्म पालिकाको भूमिका स्पष्ट गरी दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यक्रमा बजेट केन्द्रित हुनु पर्दछ । | |
| ३६.३ | | | कार्यविधिको अनुसूची १ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला र सामाग्री लागत अनुपात तोकिएको छ । पालिकाले कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग हुने श्रम र समाग्रीको अलग अलग विश्लेषण गरी अनुसूची वमोजिमको अनुपातमा ध्यान नदिएको र कतिपय आयोजनामा ७० प्रतिशत भन्दा वढी रकम कामदारको ज्याल खर्च लेखेको देखिन्छ ।श्रम र ज्यालाको अलग अलग विश्लेक्षण गरी लागत अनुमान सँग समावेश नभएकोले परियोजनाको सामाग्री प्रयोगको अनुपात विश्लेषणा गर्ने सकिएन ।तसर्थ अनुसूचीमा तोकिए वमोजिमको लागत सामाग्री अनुपातलाई ध्यान दिई लागत अनुमात तयार गर्नुपर्दछ।<br>साथै कार्यविधिको दफा १७ मा कार्यक्रमको अनुगमन तथा मुल्याँकन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विषयगत मन्त्रालय कर्णाली प्रदेश योजना आयोग जिल्ला समन्वय समिति सम्बन्धित स्थानीय तह र विषयगत कार्यालयले गर्ने सक्ने उल्लेख भएपनि भुक्तानी प्रयोजनको लागि पालिका स्तरीय अनुगमन समिति मात्र अनुगमन गरी भुक्तानी दिने गरेको देखिन्छ ।कार्याक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चितताको लागि तालुक निकाय र सरोकारवालाको सयुक्त अनुगमन गर्ने सयन्त्र तयार गर्नुपर्दछ । | |
| ३७ | | | **एकिकृत बस्ति विकास कार्यक्रम**<br><br>कर्णाली प्रदेशका छरीएर रहेका वस्तीलाई एकीकृत पूर्वाधारमा आवद्ध गर्न र जोखिममा रहेका नागरिकला सुरक्षित आवास व्यवस्थापन गर्न एकीकृत वस्ती विकास कार्यक्रम संचालन कार्यविधि २०७८ वनेको छ । कार्यविधिको बुँदा १४ मा छनोट गरीएका लाभग्राहीलाई प्रति आवाश रु ५ लाख उपलब्ध गराउने, बुँदा १५ मा लागत सहभागीता ५ प्रतिशत हुने र बुँदा १८ मा तोकेको मापदण्डका आधारमा लाभग्राही स्वयंमले आवाश निमार्ण गर्न सक्नेछ । निमार्ण प्रगतिका आधारमा वढीमा तीन किस्तामा लाभग्राहीको वैंक खातामा भुक्तानी गर्ने सक्ने व्यवस्था छ । रास्कोट नगरपालिकाको एकीकृत नमुना वस्ती कार्यक्रमको लागि यस आर्थिक वर्षमा १०० घर निमार्णको लागि रु.५ करोड बजेट विनियोजन भएकोमा ७४ घरमात्र निमार्ण सम्पन्न गरी रु.३ करोड ६१ लाख खर्च भएको छ भने १६ घरको एउटा निमार्ण समिति वनाई ६ वटा निमार्ण समिति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मार्फत योजना कार्यान्वयन गरिएको छ । एउटा समुह अन्तरगत निमार्ण भएका घरहरुको सामुहिक लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी समुहको खातामा भुत्तानी गरेको छ । कार्यविधिले तोकेवमोजिम व्यक्तीगत सम्झौता हुने भएकोले प्रत्येक घरको अलग अलग कार्य सम्पन्न प्रतिवेदन तयार गरी लाभग्राही खातामा अनुदान भुक्तानी हुनुपर्दछ । | |
| ३८ | | | **प्रधानमन्त्रि रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन ।अधिकाँश योजना घोडेटो बाटो र पदमार्ग निमार्णमा छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत यस वर्ष ४६० जना लाई रोजगारी उपलव्ध गराई रु.२ करोड ४६ लाख ८ हजार खर्च गरेको छ ।यस कार्यक्रम मार्फत वेरोजगार युवालाई कम्तिमा १०० दिनको को रोजगारी प्रदान गर्ने भनिएकोमा एक जनालाई औसत ८३ दिनको रोजगारी प्रदान गरीएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३९ | | | **आन्तरिक आय** | |
| ३९.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१ लाख १६ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३९.२ | | | | |
| ३९.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ३९९४३४५८२ ; आन्तरिक आय: १४२१६५३ ; आन्तरिक आय प्रतिशत: ०.३६<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०. ३६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४० | | | **आयको अनुमान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१४ लाख २२ हजार अर्थात अनुमान भन्दा ८१.०४ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४१ | | | **पेश्की** | ५००,००० |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९९४३४५८२ | १४२१६५३ | ०.३६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम समयमै पेश्की फछ्यौट गर्नुपर्दछ । कार्यालयले आर्थिक वर्षको अन्तसम्ममा म्याद ननाघेको रु.२७६०००००।०० र म्याद नाघेको रु.५०००००।०० समेत रु.२८१०००००।०० पेश्की फछ्यौट गर्न बाँकि देखिन्छ ।नियमावली बमोजिम समयमै पेश्की फछ्यौट गर्नुपर्ने रु..............................................<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>४१.१</td><td></td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कन्टिन्जेन्सी<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । उपलब्ध विवरण अनुसार कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२१११९००।०० खर्च लेखेको छ । यसरी खर्च गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>४३</td><td>८६</td><td>२०७९-३-७</td><td>सुधारिएको चुलो<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक नियकाले सम्पन्न भएको निर्माण, आपूर्ति गरिएको मालसमान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिका भित्रका २००० घरधुरीलाई सुधारिएको चुलो जडान गर्ने कार्यक्रम वमोजिम हस्क पावर नेपाल प्रालि सँग रु.१२८८२००० मा ठेक्का सम्झौता गरी बील वमोजिम समान आपूर्ति भएको भनी भुक्तानी भएकोमा समानहरुको स्टोर दाखिला, लाभग्राहीहरुको विवरण तथा लाभग्राही घरहरुमा चुलो जडान गरी कार्य सम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन । तर्सथ चुलोहरु के कति घरधुरीमा जडान भएको यकिन गर्ने नसकिएकोले सो को पुष्टी हुने प्रमाण कागजात तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु....................</td><td>१२,८८२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>४३.१</td><td></td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.५ लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष निम्नानुसारको खानेपानी तथा सिंचाई संरचना निर्माण कार्य प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा टुक्रा पारी विभिन्न आपूर्तकबाट सोझै कार्य गराएको नियम सम्मत नदेखिएको रु.....................<br><table><tr><th>भौ.न.। मिति</th><th>कामको विवरण</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr><tr><td>१०४।०७९।३।२५</td><td>लडेखोला देखि आर सि वजार सम्म सडक सफा गर्ने</td><td>पंख निमार्ण सेवा</td><td>९११११७२</td></tr><tr><td>११२।०७९।०३।२५</td><td>कालाशिल्ला देखि सेराखोला सम्म सडक सफा गर्ने</td><td>गाउँ विकास इन्जिनियरिङ तथा निमार्ण सेवा प्रालि</td><td>९५१०९५</td></tr><tr><td></td><td></td><td></td><td>१८६२२६७</td></tr></table></td><td>१,८६२,२६७</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सिमेन्ट ढुवानी</td><td>३,२३७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर ऐन २०५९ को दफा ८८ अनुसार ढुवानी सेवा वापत्तको तथा ढुवानी साधन भाडामा दिए वापत्तको रकममा मुल्य अभिवृद्धि करमा दर्ता वाहेकमा २.५ प्रतिशतले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ. नं.२४ र मिति २०७९।०३।२५ मार्फत वडा कार्यालय भवन निमाणमा उपभोक्ता समितिले सिमेन्ट ढुवानी वापत्त आरती ढुवानी सेवालाई कर कट्टा नगरी रु.१२९५००।०० भुत्तानी गरेकोमा उक्त रकममा २.५ प्रतिशतले हुने असुल हुनुपर्ने रु...................... | |
| ४६ | १५९ | २०७९-३-२५ | **सम्पन्न प्रतिवेदन**<br><br>आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९।५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने वील, भरपाई, प्रमाण र कागजात हुनुपर्दछ साथै रकमको भुक्तानी दिदा रित पुगेनपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । सेतो गुराँस बहुउद्देश्य रिसर्च सेन्टर प्रालि लाई सम्झौता गरेर रु.५१५०७१।०० भुक्तानी दिएकोमा सम्झौता उल्लेखित **TOR** अनुसार कार्य सम्पन्न भए नभएको प्रतिवेदन लिएर मात्र भुक्तानी दिनुपर्नेमा कार्य सम्पन्न प्रतिवेदन नलिई भुक्तानी दिएकोले तोकिए वमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्ने रु............... | ५१५,०७१ |
| ४७ | | | **गुणस्तरिय शिक्षा कार्यक्रम** | |
| ४७.१ | | | गुणस्तरीय शिक्षा कार्यक्रम संघिय विशेष अनुदान अन्तर्गत गुणस्तरीय शिक्षा कार्यक्रमको लागि पालिकाले ठेक्का नं **RM/2077/78/RT** र **RM/2078/79/Goods** मार्फत आपुर्तक **Sastra network solution inc. pvt ltd.** बाट हार्डवेयर तथा सफ्टवेयर लगायतका सामाग्रीको लागि क्रमशः रु१४९४९९४२।९४ र रु ७८१२५००।१३ समेत रु २२७६२४४२।९४ कार्यसम्पन्न भई भुक्तानी भएको देखियो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छन् । | |

| ठेक्का नं | आपूर्तक | सम्झौता रकम [मू अ कर सहित{ | सामान |
|---|---|---|---|
| **RM**।०७७।७८।**RT**।**NCB** | सस्त्र मेरो नेटवर्क जे भी | १४९४९९४२।९४ | सफ्टवेयर सामाग्री |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>RM।०७८।७९।RT।NCB</td><td>सस्त्र मेरो नेटवर्क जे भी</td><td>७८१२५००।१३</td><td>हार्डवेयर माग्री [डेस्कटप,ल्यापटप,प्रोजेक्टर, ड्रोन क्यमरा लगायत{</td></tr></table></td><td></td></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>क. पालिकाले उक्त गुणस्तरीय शिक्षा कार्यक्रमको लागि आवश्यक सफ्टवेयर तथा हार्डवेयर लगायतको सूचना प्रविधि प्रणालीसंग सम्बन्धित सामाग्रीको लागि फरक फरक लागत अनुमान तयार गरी सोही बमोजिम बोलपत्र आह्वान गरी सामाग्री खरिद गरेको पाईयो ।<br>ख. सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा डि.पि.आर.गरि सो को आधारमा लागत अनुमान तथा स्पेशिफिकेशन बमोजिम ठेक्का प्रक्रिया शुरु गरिएको जानकारी गराएकोमा स्पेशिफिकेशन बमोजिमको सामाग्री प्राप्त भए नभए सम्बन्धमा जाँच गरी प्रतिवेदन प्राप्त नभएकोले खरिद गरिएको हार्डवेयर तथा सफ्टवेयर लगायतको सामाग्री स्पेशिफिकेशन बमोजिम भए नभएको यकिन हुन सकिएन ।<br>ग. पालिका अन्तर्गतका विद्यालयमा गुणस्तरीय शिक्षा कार्यक्रम संचालनको लागि के कति विद्यालयलाई यस कार्यक्रम मार्फत लाभान्वित बनाउने हो सो सम्बन्धमा आवश्यकताको विश्लेषण गरिएको नदेखिएको तथा खरिद गरिएको सूचना प्रविधि प्रणालीको उपयोगिता तथा निरन्तरताको लागि स्पष्ट कार्ययोजना सहितको कार्य भएको देखिएन । संघिय विशेष अनुदान अन्तर्गत गुणस्तरीय शिक्षा कार्यक्रमको लागि खर्च गरिएको रु.२२७६२४४२।९४ को सफ्टवेयर तथा हार्डवेयर सम्बन्धित स्कूल लगायत स्रोत क्षेत्रमा जडान भई सो कार्यक्रम सम्पन्न भएको सम्बन्धमा सुनिश्चतता हुन सकिएन।<br>घ. गुणस्तरिय शिक्षा कार्यक्रमको लागि हार्डवेयर तथा सफ्टवेयर तर्फ सम्पूर्ण सामाग्रीको खरिद सम्पन्न भईसकेकोमा समेत लेखापरीक्षण अवधिसम्म ती सफ्टवेयर तथा हार्डवेयर जडान भई सञ्चालन आएको देखिएन । लेखापरीक्षणको क्रममा जानकारी लिदाँ ती सामानहरु पालिकाको भण्डार शाखामा रहेको जानकारी प्राप्त भयो । उक्त कार्यक्रमको लागि खरिद गरिएको ११ थान ल्यापटप निम्न जनप्रतिनिधि तथा कर्मचारीले बुझेको देखियो । कार्यक्रमको उद्देश्य विपरित भएको ल्यापटप वितरण कार्य नियम सम्मत नदेखिएको रु...............................................<br><table><tr><td>सि. नं</td><td>नाम</td><td>पद</td></tr></table></td><td>१,०६३,००८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>मनिराम बराल</td><td>नगर उप मेयर</td></tr>
<tr><td>२</td><td>उदयराम आर्चाय</td><td>वडाध्यक्ष वडा नं १</td></tr>
<tr><td>३</td><td>ध्रुवराज सिम्खडा</td><td>वडाध्यक्ष वडा नं २</td></tr>
<tr><td>४</td><td>राजेन्द्रनाथ योगी</td><td>वडाध्यक्ष वडा नं ३</td></tr>
<tr><td>५</td><td>दिनेश संज्याल</td><td>वडाध्यक्ष वडा नं ४</td></tr>
<tr><td>६</td><td>मन तिरुवा</td><td>वडाध्यक्ष वडा नं ५</td></tr>
<tr><td>७</td><td>कर्ण फर्साल</td><td>वडाध्यक्ष वडा नं ६</td></tr>
<tr><td>८</td><td>कपुर महतारा</td><td>वडाध्यक्ष वडा नं ७</td></tr>
<tr><td>९</td><td>मनिराम बराल</td><td>वडाध्यक्ष वडा नं ८</td></tr>
<tr><td>१०</td><td>धन बहादुर धामी</td><td>वडाध्यक्ष वडा नं ९</td></tr>
<tr><td>११</td><td>हरि बराल</td><td>सूचना प्रविधि शाखा सहायक</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिहरुलाई भारी मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने उल्लेख छ । कार्यालयले आर.सि.सी. भवन, खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धात्मक विधि मार्फत गराउनु पर्नेमा नियमावली विपरित</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पूँजि, जनशक्ती, उपकरण र व्यवस्थापकिय सीप नभएका समितिबाट काम गराउनु उपयुक्त देखिएन ।यस सम्बन्धमा पालिकाको ध्यान जानु पर्दछ ।
<table>
<tr><th>क्र स</th><th>भौ-न। मिति</th><th>आयोजनाको नाम</th><th>कामको प्रकृति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>०१।०७९।०३।२३</td><td>पानीधारा चुत्तीकोट खा-पा- निमार्ण समिति</td><td>आरसीसी, पीसिसीक्यानल</td><td>१३५५२८०</td></tr>
<tr><td>२</td><td>०२।०७९।०३।२३</td><td>सिममष्ट आधारभुत विधालय</td><td>आरसीसी भवन</td><td>२८८००००</td></tr>
<tr><td>३</td><td>०३।०७९।०३।२३</td><td>कालाढुङगा खानेपानी उ-स-</td><td>आरसीसी, पीसिसी</td><td>१०१०८७०</td></tr>
<tr><td>४</td><td>०३।०७९।०३।२४</td><td>जनज्योती बाल विकास केन्द्र</td><td>आरसीसी भवन</td><td>१४४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर दाखिला<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग बमोजिम सरकारी निकाय वा संघ संस्थाले करार गरि खरिद गरेको वस्तु वा सेवाको बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि करको ३० प्रतिशत (२०७८।२।१५ बाट) कट्टा गरी सम्बन्धित आपूर्तिकर्ताको नामबाट सम्बन्धित मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न</td><td>१९२,९४८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवसायिक फर्महरुलाई दिएको भुक्तानीमा कट्टा नगरी भुक्तानी फर्मलाई भुक्तानी दिएको मु अ कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु............. | |

| गो भौ र मिति | फर्म | बिक्रेता कर दाता नम्बर | मू अ कर भुक्तानी | ३० प्रतिशत मू अ कर |
|---|---|---|---|---|
| ७२।२०७८।९।२ | कन्स्ट्रक्सन सोलुशन | ३०३५२९३७६ | १२३४६८ | ३७०४० |
| ७५।२०७८।९।५ | ईश्वर अफसेट प्रेस | ३०५२१५८६० | १३७१५ | ४११४ |
| ८३।२०७८।९।८ | गोविन्द ट्रेड सप्लायर्स | ३००५०९२८१ | ४६४३६ | १३९३० |
| २०८।२०७९।१।१६ | वेलकम एण्ड मिडिया प्रा लि | ६०१००५०१५४ | ११६०९७ | ३४८२९ |
| ११७।२०७८।९।२९ | कन्स्ट्रक्सन सोलुशन | ३०३५२९३७६ | ६८०५४ | २०४१६ |
| ११८।२०७८।९।२९ | अल्फा ब्रोडर | ६०३४५२०९७ | २६०३५ | ७८१० |
| १४४।२०७८।११।१० | श्री देउती स्टील फर्निचर उद्योग | ३०१४६४५५४ | २४०२४ | ७२०७ |
| १७३।२०७८।१२।२२ | तिब्रिकोट मिडिया प्रा लि | ६०९८०११०५ | ४१४९६ | १२४४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१९७।२०७८।१२।२४</td><td>संगम स्टेशनरी एण्ड जनरल</td><td>३००१२६७०७</td><td>३६४०४</td><td>१०९२१</td></tr>
<tr><td>३३२।२०७८।३।२५</td><td>निभान इन्टरप्राईजेज</td><td>६०७२२८८६७</td><td>५६८३६</td><td>१७०५०</td></tr>
<tr><td>३३८।२०७९।३।५</td><td>कन्स्ट्रक्सन सोलुशन</td><td>३०३५२९३७६</td><td>३३३१५०</td><td>९९९४</td></tr>
<tr><td>११।२०७८।९।२८</td><td>रास्कोट फर्निचर उद्योग</td><td>६०५८०४४९८</td><td>५७२९७</td><td>१७१८९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९२९४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>छोरी सुरक्षा कार्यक्रम</td><td></td></tr>
<tr><td>५०.१</td><td></td><td></td><td>कर्णाली प्रदेश सरकारले जारी गरेको वैंक खता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कर्यविधि २०७६ को दफा ३ मा २०७६ साल साउन १ वा सो भन्दा पछी जन्मेका छोरीहरु कार्यक्रममा आवद्ध हुने र दफा ५ मा तोकिएको कार्यविधि पुरा गरी प्रदेश सरकारले छोरी २० वर्षको नहुदा सम्म जन्मेको पहिलो महिनामा रु१००० र त्यस पश्चालत मासिक रु ५०० का दरले छोरीको नाममा खोलिएको वैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ ।प्रदेश सरकारले कार्यक्रम कार्यान्वयन गर्न रकम उपलब्ध गराए वमोजिम २०७६ साउन देखि यस आर्थिक वर्षसम्म जन्म भएका २७३ जना छोरीहरुको खातामा रु.३१८२०००।०० रकम जम्मा भई सकेको छ । कार्यविधिमा सामाजिक स्थिति, अभिभावकको आर्थिक स्थिति तथा पारिवारिक शिक्षाको स्तर जस्ता विषयहरु समावेश गरको छैन । उक्त विषयलाई ध्यानमा राखी निर्देशिकामा पुनरावलोकन गर्दा स्रोतको वास्तविक उपयोग हुने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०.२</td><td></td><td></td><td>छोरी सुरक्षा कार्यक्रम अन्तर्गत २०७६ श्रावण १ पछि जन्म भएका बालिकाहरुको नाम समावेश गरि भुक्तानी गर्नुपर्नेमा २०७६ श्रावण भन्दा अघि जन्मेका निम्न बालिका समेत उक्त कार्यक्रमबाट लाभन्वित भएको देखियो । पालिकाले लाभग्राहीको हक पुग्ने प्रमाण पेश पेश गर्नुपर्ने रु……………….<br>
<table>
<tr><td>सि.नं</td><td>नाम</td><td>जन्म मिति</td><td>बैङ्क खाता नं</td><td>भुक्तानी रु</td></tr>
<tr><td>२६२</td><td>पुष्पा सार्की</td><td>२०७६।१।२</td><td>E207010008179</td><td>१७,००० ।</td></tr>
<tr><td>२६८</td><td>दिब्यान्सी शाही</td><td>२०७६।२।१६</td><td>E207010007089</td><td>१५,००० ।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>रु ३२,००० ।</td></tr>
</table></td><td>३२,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सक्कल बिल भर्पाइ<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) वमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ७७ र मिति २०७८।१२।१४ बाट औषधी खरिद गरी सो को ढुवानी वापत डब्ले तिरुवाको नाममा रु.३५०००।०० खर्च लेखेकोमा औषधी खरिद तथा ढुवानी सम्बन्धमा कुनै पुष्टाई गर्ने कागजात भएको नदेखिदाँ उक्त खर्च पुष्टाई हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु…………………………</td><td>३५,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सामाजिक सुरक्षा तथा पञ्जिकरण</td><td></td></tr>
<tr><td>५२.१</td><td></td><td></td><td>गत वर्ष २०७७।७८ को अन्तिम चौमासिक सामाजिक सुरक्षा वापतको रकम यस आर्थिक वर्ष २०७८ असोजमा भुक्तानी गरेको छ । गत वर्षको बाँकी सामाजिक सुरक्षा रकम यस वर्ष निकासा भई आएको रु.१३२६०२००।०० र गत वर्षको निकासा विविध कोषमा सारेको रु.७४५२०००।०० समेत जम्मा रु.२०७१२२००।०० अघिल्लो आर्थिक वर्षको सामाजिक</td><td>७,४५२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुरक्षाको रकम भुक्तानि गरिएको छ । यसरी वर्षान्तमा फ्रिजगरी फिर्ता गर्नुपर्ने सर्शत तर्फको सामाजिक सुरक्षाको रकम नियम विपरित विविध कोषमा ट्रान्सफर गरी खर्च लेखेको नियम सम्मत नदेखिएको रु..................................</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>समाजिक शुरक्षा तथा पञ्जिकरण शाखा अन्तर्गतका कर्मचारी तथा बैंक प्रतिनिधि वीच भएको बैठकमा खाजा खर्च वापत्त आवर क्याफे एण्ड रेष्टुरेन्ट लाई तपसिल वमोजिम भुक्तानी भएकोमा तोकिएको नम्स प्रतिव्यक्ति रु.२०० का दरले खर्च लेख्नुपर्नेमा वढी दरमा खर्च लेखिएको असूल गर्नुपर्ने रु............................
<table>
<tr><th>वैठक मिति</th><th>सहभागी संख्या</th><th>भुत्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>०७८।०७।०८</td><td>१७</td><td>३४००</td><td>१४१७०</td><td>१०७७०</td></tr>
<tr><td>०७८।०८।१७</td><td>१४</td><td>२८००</td><td>१८७८०</td><td>१५९८०</td></tr>
<tr><td>०७८।११।२३</td><td>१३</td><td>२६००</td><td>१४०८०</td><td>११४८०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३८२३०</td></tr>
</table></td><td>३८,२३०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।</td><td></td></tr>
</table>